"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं. ०८२/०८३ मिति :२०८२/०४/०६

च.नं.

**विषय :- विज्ञापन प्रकाशन गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सूर्योदय नगरपालिका अन्तर्गत सञ्चालित तपशीलमा उल्लिखित सामुदायिक विद्यालयमा निम्नानुसारको पद रिक्त रहेको हुनाले शिक्षा विकास तथा समन्वय इकाई, इलामको अनुमति पत्र, विद्यालय व्यवस्थापन समितिको निर्णय तथा विद्यालयको पत्र समेतका आधारमा योग्यता पुगेका नेपाली नागरिकका लागि तोकिएको मिति भित्र दरखास्त दिने गरी देहायबमोजिमको विज्ञापन प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.श. | विज्ञापन नं. | विषय | तह,श्रेणी र प्रकार | रिक्त पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| ०१. | ०१/०८२/०८३ | नेपाली | निम्न माध्यमिक/तृतीय/ राहत करार | १ (एक) | सरस्वती निवास आ.वि सू.न.पा- ६ का लागि |

१. तलब स्केल :- नेपाल सरकारले तोके बमोजिम ।

२. शैक्षिक योग्यता :-
मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय नेपाली लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

३. आवेदन साथ पेश गर्नु पर्ने कागजपत्रहरु :- शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु ( चारित्रिक,लब्धाङ्कपत्र /ग्रेडसिट/ ट्रान्सक्रिप्ट), अध्यापन अनुमतिपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान र पासपोर्ट साईजको फोटो २ प्रति ।

४. उमेर र अयोग्यता :-१८ बर्ष पूरा भई ४० वर्ष ननाघेको तथा प्रचलित कानुनबमोजिम अयोग्य नभएको ।

५. आवेदन दस्तुर :- रु. ७५०। (अक्षरेपी सात सय पचास मात्र) सूर्योदय नगरपालिकाको राजश्व शाखामा जम्मा गरी सक्कल भौचर आवेदनसाथ पेश गर्नु पर्ने ।

६. आवेदन दिने स्थान :- सूर्योदय नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, शिक्षा,युवा तथा खेलकुद शाखा, फिक्कल, इलाम ।

७. दरखास्त दिने मिति :- यस अगाडिको शिक्षक सेवा आयोगको करार सूचीमा सूचीकृत उम्मेद्वारका लागि विज्ञापन प्रकाशन भएको मितिले ७ दिन (२०८२/०४/१२ गते) सम्म साथै उक्त मितिमा करार सूचीका उम्मेद्वारको निवेदन नपरेमा २०८२/०४/२० गतेसम्म अन्य खुला उम्मेद्वारका लागि ( करार सूचीमा सूचीकृत उम्मेद्वारको आवेदन परेमा योग्यताक्रमका आधारमा माथिल्लो योग्यताक्रमको उम्मेद्वारलाई विद्यालय समक्ष नियुक्तिका लागि सिफारिस गरिने छ ।)

८. परीक्षाको प्रकार :- लिखित, अन्तर्वार्ता ।

९. सम्पर्क मिति :- मिति २०८२/०४/२१ गते

१०. परीक्षा मिति :- सम्पर्क मितिमा तोकिने छ ।

२०८२/०४/०६
अमृत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री नगर प्रमुखज्यू,नगरप्रमुखज्यूको निजी सचिवालय सूर्योदय नगरपालिका, फिक्कल, इलाम ।

श्री नगर उपप्रमुखज्यू, नगरउपप्रमुखज्यूको निजी सचिवालय सूर्योदय नगरपालिका, फिक्कल, इलाम ।